# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, असार ३१ गते २०६५ साल (अतिरिक्ताङ्क १३


## भाग ४

संविधानसभा सचिवालयको

सूचना

### राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कार्यविधि, २०६५

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ख. को उपधारा (३) बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा संविधानसभाले देहायको कार्यविधि निर्धारण गरी लागू गरेको छ :-

#### राष्ट्रपतिको निर्वाचन

१. **राष्ट्रपतिको निर्वाचन** : (१) अध्यक्षले निर्धारण गरेको दिन र समयमा राष्ट्रपतिको निर्वाचन हुनेछ ।

(२) राष्ट्रपतिको निर्वाचन सम्पन्न गरी निर्वाचन परिणाम अध्यक्ष समक्ष पेश गर्न अध्यक्षले संविधानसभाको महासचिवलाई निर्वाचन अधिकृतको रुपमा तोक्न सक्नेछ ।

(३) निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न गर्न आवश्यकता अनुसार सचिवालयका कर्मचारीहरुको सहयोग लिन सक्नेछ ।

२. **निर्वाचन कार्यक्रमको प्रकाशन** : (१) राष्ट्रपतिको निर्वाचनको लागि निर्धारण गरिएको दिन भन्दा कम्तीमा चौबीस घण्टा अगावै निर्वाचन अधिकृतले निर्वाचनको कार्यक्रम तयार गरी सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित कार्यक्रममा अन्य कुराहरुको अतिरिक्त मतदाता नामावली प्रकाशन, सो उपर दावी विरोध, अन्तिम मतदाता नामावली प्रकाशन, मनोनयन पत्र दर्ता गर्ने समय, तरिका र स्थान, मनोनयन पत्र दर्ता गर्ने उम्मेदवारहरुको नामावली प्रकाशन हुने समय, मनोनयन पत्र फिर्ता लिन सकिने अवधि, उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गरिने समय, मतदान र मतगणनाको कार्यक्रम समेत स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्नेछ ।

३. **मतदाता नामावली प्रकाशन** : (१) निर्वाचन अधिकृतले दफा २ बमोजिम प्रकाशित कार्यक्रममा निर्धारित समयमा संविधानसभाको सदस्यको रुपमा सपथ ग्रहण गरेका सदस्यहरुको नाम वर्णानुक्रमानुसार समावेश गरी मतदाता नामावली प्रकाशन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समाबेश भएको कुनै सदस्य राष्ट्रपतिको निर्वाचनमा मतदाता हुन अयोग्य छ वा हुन गएको छ भन्ने कुनै सदस्यलाई लागेमा सो को स्पष्ट आधार सहित निर्धारित समय भित्र निर्वाचन अधिकृत समक्ष दावी विरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दावी विरोध परेको अवस्थामा निर्वाचन अधिकृतले सो को जाँचबुझ गरी ठहरे बमोजिमको निर्णय गर्नुपर्नेछ । त्यस्तो निर्णय बमोजिम कायम भएको नामावलीलाई निर्वाचन अधिकृतले अन्तिम मतदाता नामावलीको रुपमा प्रकाशन गर्नेछ ।

(४) उपदफा (२) बमोजिम दावी विरोध नपरेको अवस्थामा उपदफा (१) बमोजिम प्रकाशित मतदाता नामावली नै अन्तिम मतदाता नामावली भएको मानिनेछ ।

४. **राजनैतिक सहमति र निर्वाचन** (१) संविधानको धारा ३६ख.को उपधारा (१) बमोजिम राष्ट्रपतिको निर्वाचनको सन्दर्भमा संविधानको धारा ३६घ. बमोजिमको योग्यता पुगेको कुनै व्यक्तिको सम्बन्धमा राजनैतिक सहमति कायम भई त्यस्तो सहमतिको निस्सा सहित सम्बन्धित व्यक्तिलाई राजनैतिक सहमतिको आधारमा राष्ट्रपतिमा निर्वाचित गरियोस भनी अनुसूची-१ मा निर्धारित मनोनयन पत्रको ढाँचामा आवश्यक सम्पूर्ण विवरण भरी संविधानसभाका पाँचजना सदस्यहरु प्रस्तावक र अन्य पाँचजना सदस्यहरु समर्थक भई हस्ताक्षर गरिएको मनोनयन पत्रको साथमा प्रस्तावित व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दफा २ बमोजिम प्रकाशित कार्यक्रममा तोकिएको समय भित्र निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राजनैतिक सहमतिको आधारमा मनोनयन पत्र दाखिल गर्दा अनुसूची-२ मा निर्धारित ढाँचामा राष्ट्रपतिको पदमा रही काम गर्न राजी छु भन्ने सम्बन्धीत उम्मेदवारको मन्जुरी रहेको निस्सा समेत संलग्न रहेको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम राजनैतिक सहमतिको आधारमा राष्ट्रपतिमा निर्वाचित गरियोस् भन्ने मनोनयन पत्र दर्ता हुन आएकोमा निर्वाचन अधिकृतले सो को व्यहोरा तत्काल अध्यक्ष समक्ष पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्वाचन अधिकृतले राजनैतिक सहमतिको आधारमा राष्ट्रपति निर्वाचित गरियोस भन्ने मनोनयन पत्र दर्ता हुन आएको व्यहोरा पेश गरेमा अध्यक्षले त्यसपछि लगत्तै बस्ने संविधान सभाको बैठकमा राजनैतिक सहमतिको आधारमा सर्वसम्मतिले सम्बन्धित व्यक्ति राष्ट्रपति निर्वाचित भएको घोषणा गर्नेछ र सो को सूचना नेपाल रजपत्रमा प्रकाशन गरिनेछ ।

(५) तोकिएको समय भित्र यस दफा बमोजिम राजनैतिक सहमतिको प्रस्ताव दर्ता हुन नआएमा निर्वाचन अधिकृतले संविधानको ३६ख.को उपधारा (३) बमोजिम यस कार्यविधिको आधारमा निर्वाचनको अन्य प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

३१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ **मनोनयन पत्र दर्ता गर्ने कार्यविधि** : (१) संविधानको धारा ३६घ. बमोजिमको योग्यता पुगेको कुनै व्यक्तिलाई राष्ट्रपति पदमा निर्वाचित गरियोस भनी अनुसूची-१ मा निर्धारित मनोनयन पत्रको ढाँचामा आवश्यक सम्पूर्ण विवरण भरी संविधानसभाका कम्तीमा पाँचजना सदस्यहरु प्रस्तावक र सोही संख्यामा समर्थक भई हस्ताक्षर गरिएको मनोनयन पत्र साथ प्रस्तावित व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दफा २ बमोजिम प्रकाशित कार्यक्रममा तोकिएको समय भित्र निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मनोनयन पत्र दाखिल गर्दा अनुसूची-२ मा निर्धारित ढाँचामा राष्ट्रपतिको पदमा रही काम गर्न राजी छु भन्ने सम्बन्धीत उम्मेदवारको मन्जुरी रहेको निस्सा समेत संलग्न रहेको हुनुपर्नेछ ।

६. **मनोनयन पत्रको जाँच र नामावली प्रकाशन** : निर्वाचन अधिकृतले दफा ५ बमोजिम राष्ट्रपतिको निर्वाचनको लागि निर्धारित समय भित्र मनोनयन दर्ता गर्ने उम्मेदवारको मनोनयन पत्र जाँच गरी सबै उम्मेदवारहरुको वर्णानुक्रमानुसार नामावली तयार गरी प्रकाशन गर्नुपर्नेछ ।

७. **दावी विरोध** : (१) दफा ६ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीमा नाम समावेश भएको कुनै उम्मेदवारको विरुद्धमा अर्को कुनै उम्मेदवारले निर्धारित समयावधि भित्र दावी विरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दावी विरोध गर्दा सो को स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको दावी विरोधको सम्बन्धमा निर्वाचन अधिकृतले जाँचबुझ गरी त्यस्तो दावी विरोध मनासिव र कानून सम्मत देखिएमा कारण सहित त्यस्तो उम्मेदवारको मनोनयनपत्र बदर गर्न सक्नेछ ।

८. **उम्मेदवारी फिर्ता र अन्तिम नामावली प्रकाशन** : (१) दफा ६ बमोजिम नामावली प्रकाशन भएपछि त्यस्तो नामावलीमा नाम समावेश भएको उम्मेदवारले दफा २ को उपदफा (२) बमोजिम निर्धारित समयावधि भित्र आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा निर्वाचन अधिकृत समक्ष आफै उपस्थित भई उम्मेदवारी फिर्ता लिएको लिखित व्यहोरा पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारी फिर्ता लिने समय समाप्त भए पछि कायम हुन आएका उम्मेदवारहरुको अन्तिम नामावली निर्वाचन अधिकृतले उम्मेदवारहरुको वर्णानुक्रमानुसार तयार गरी तत्काल प्रकाशन गर्नुपर्नेछ ।

(३) राष्ट्रपतिको निर्वाचनको लागि निर्धारित समय भित्र रित पूर्वकको एउटा मात्र मनोनयन पत्र दर्ता हुन आएमा वा दफा ७ को उपदफा (३) बमोजिम अन्य उम्मेदवारको मनोनयन पत्र बदर भई एउटा मात्र उम्मेदवारको मनोनयन पत्र बाँकी रहन आएमा वा उपदफा (१) बमोजिम अन्य उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिई एउटामात्र उम्मेदवारको मनोनयन पत्र बाँकी रहन आएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार राष्ट्रपति पदमा निर्विरोध निर्वाचित भएको व्यहोरा अध्यक्ष समक्ष पेश गर्नेछ ।

९. **मतदान** : (१) दफा ८ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा एक भन्दा बढी उम्मेदवारहरुको नामावली समावेश भएकोमा गोप्य मतदान को आधारमा निर्वाचन गरिनेछ ।

313



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि निर्वाचन अधिकृतले दफा ८ बमोजिम कायम भएका उम्मेदवारहरुको वर्णानुक्रमानुसार नाम समावेश रहेको मतपत्र तयार गर्नुपर्नेछ ।

(३) मतदानको लागि निर्धारित समय भित्र मतदाता नामावलीमा नाम समावेश भएका सदस्यले निर्वाचन अधिकृतबाट निजको हस्ताक्षर भएको मतपत्र लिई आफूले रोजेको उम्मेदवारको नामको अगाडि निर्धारित मत सकेंत गर्ने कोठामा रेजा (√) लगाई सो मतपत्र मतपेटिकामा खसाल्नु पर्नेछ ।

(४) मतदान सम्बन्धी अन्य कार्यविधि निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **मतपत्र बदर हुने अवस्था** : (१) देहायको अवस्थामा मत पत्र बदर हुनेछ :-

(क) एक भन्दा बढि उम्मेदवारको नाम भएको कोठामा रेजा लगाएको भएमा,

(ख) निर्धारित रेजा (√) भन्दा अर्कै किसिमको चिन्हद्वारा मत सकेंत गरिएको भएमा,

(ग) निर्वाचन अधिकृतले हस्ताक्षर नगरेको मतपत्रमा रेजा लगाई मतदान गरेको भएमा,

(घ) कुन उम्मेदवारलाई मत दिएको हो सो नछुट्टिने गरी रेजा लगाएको भएमा ।

(२) कुनै मतपत्र सदर वा बदर के हो भन्ने सम्बन्धमा विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतले यस सम्बन्धमा गरेको निर्णय अन्तिम हुनेछ ।

११. **मतगणना** : (१) मतदानको कार्य समाप्त हुनासाथ निर्वाचन अधिकृतले उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा मतगणना प्रारम्भ गर्नुपर्नेछ ।

(२) मतगणनाको कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले सोको मुचुल्का खडा गरी निर्वाचन परिणाम तत्काल संविधानसभाका अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

१२. **निर्वाचन परिणामको घोषणा** : (१) दफा ८ को उपदफा (३) वा दफा ११ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले पेश गरेको निर्वाचनको परिणाम अध्यक्षले त्यसपछि लगत्तै बस्ने संविधान सभाको बैठकमा घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन परिणामको घोषणा गर्दा निर्विरोध निर्वाचित भएको हो वा संविधानको धारा ३६ख. को उपधारा (२) बमोजिम बहुमत प्राप्त गरी निर्वाचित भएको हो भन्ने व्यहोरा स्पष्ट घोषणा गर्नुपर्नेछ र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले पेश गरेको निर्वाचनको परिणामबाट कुनै पनि उम्मेदवारले संविधानको धारा ३६ख. को उपधारा (२) बमोजिम प्राप्त गर्नुपर्ने बहुमत प्राप्त गर्न नसकेको भएमा सबै भन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरु वीच पुनः मतदान गराउनको लागि अध्यक्षले सोही बैठकमा मतदानको मिति निर्धारण गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनः निर्धारित मितिमा निर्वाचन अधिकृतले दफा ९ बमोजिम मतदान र दफा ११ बमोजिम मतगणना कार्य सम्पन्न गरी त्यस्तो मतदानबाट प्राप्त परिणाम अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

३।५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त पुनः मतदानको परिणाम अध्यक्षले त्यसपछि लगत्तै बस्ने संविधान सभाको बैठकमा घोषणा गर्नेछ र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(६) यस दफा बमोजिमको प्रक्रिया कुनै उम्मेदवारले संविधानको धारा ३६ख. को उपधारा (२) बमोजिम प्राप्त गर्नु पर्ने बहुमत प्राप्त नगरेसम्म जारी रहनेछ ।

(७) राष्ट्रपतिको पद कुनै कारणले रिक्त भएमा यसै कार्यविधि बमोजिम निर्वाचन गरी पूर्ति गरिनेछ ।

## उपराष्ट्रपतिको निर्वाचन

१३. **उपराष्ट्रपतिको निर्वाचन** : (१) उपराष्ट्रपतिको निर्वाचन अध्यक्षले तोकेको दिन र समयमा हुनेछ र त्यसको सूचना महासचिवले प्रकाशन गर्नेछ ।

(२) उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया राष्ट्रपतिको सरह हुनेछ ।

(३) उपराष्ट्रपतिको पद कुनै कारणले रिक्त भएमा यसै कार्यविधि बमोजिम निर्वाचन गरी पूर्ति गरिनेछ ।

## विविध

१४. **आन्तरिक काम कारवाही मानिने** : राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको सन्दर्भमा यस कार्यविधि बमोजिम भए गरेका काम कारवाहीलाई संविधानको धारा ७७ को उपधारा (२) बमोजिमको संविधानसभाको आन्तरिक काम कारवाही मानिनेछ ।

१५. **बाधा अड्काउ फुकाउने** : यो कार्यविधि बमोजिम निर्वाचनको प्रक्रिया सञ्चालन गर्दा कुनै बाधा अड्काउ परेमा अध्यक्षले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा आवश्यक र उपयुक्त व्यवस्था गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।



३१५

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**उम्मेदवारको मनोनयनपत्र**

पासपोर्ट साइजको फोटो

**प्रस्तावकले भर्ने**

श्री निर्वाचन अधिकृत
राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालय ।

नेपालको राष्ट्रपतिको/उपराष्ट्रपतिको निर्वाचनमा श्री ..........................................लाई हामी प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछौ । निजको विवरण देहाय बमोजिम छ :-

१. पूरा नाम..........................................
२. उमेर................वर्ष........लिङ्ग :- महिला/पुरुष
३. ठेगाना..........................................
४. माता/पिता
५. पति/पत्नीको पूरा नाम ..........................................

प्रस्तावक,

१. नाम.....................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

२. नाम.....................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

३. नाम.....................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

४. नाम.....................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

५ नाम.....................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

6316



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## समर्थकले भर्ने

माथि उल्लीखित...........................................................समेतका प्रस्तावकहरुले नेपालको राष्ट्रपतिको/उपराष्ट्रपतिको निर्वाचनमा श्री ..........................................लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको हामी समर्थन गर्दछौं ।

समर्थक,

१. नाम......................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

२. नाम......................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

३. नाम......................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

४. नाम......................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

५. नाम......................
मतदाता नामावलीको क्र.सं....
हस्ताक्षर.................

६. सलग्न कागजात :

(क) मनोनित उम्मेदवारको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(ख) उम्मेदवारको मञ्जुरी रहेको निस्सा ।

मिति........................

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनूसूची-२

(दफा ४ को उपदफा (२) र दफा ५ को उपदफा (२) संग सम्बन्धित)

**उम्मेदवारको मञ्जुरी रहेको निस्सा**

मलाई श्री ........................................................................ समेतले प्रस्ताव गरी नेपालको राष्ट्रपतिको/उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार मनोनयन गरे बमोजिम संविधानसभाबाट निर्वाचित भएमा म नेपालको राष्ट्रपतिको/उपराष्ट्रपतिको पदमा रही काम गर्न राजी छु ।

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम राष्ट्रपतिको/उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन मेरो योग्यता पुगेको छ ।

मिति..................

मनोनित उम्मेदवारको,

नाम :................

हस्ताक्षर..............

**संविधानसभा बैठकबाट पारित मिति : २०६५।३।३१**

**आज्ञाले,**
**मनोहरप्रसाद भट्टराई**
**संविधानसभाको कार्यबाहक महासचिव**

मुद्रण विभाग, सिंहदरबार

318



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।